कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# भू तथा जलाधार व्यवस्थापन कार्यालय

धनकुटा, नेपाल

प.सं.: २०८३/२०८४ (प्रशासन)

च.नं.: ९६

**यस कार्यालयबाट आर्थिक वर्ष २०८३/०८४ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८३ साल श्रावण ०८ गते ।**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ६क तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायमा हुने खरिद कार्यको लागि खरिद कर्ता कार्यालयले खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैह्र सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट आर्थिक वर्ष २०८३/०८४ मा हुने विभिन्न खरिद सम्बन्धी काम कारबाहीमा संलग्न हुन चाहने सम्बन्धित विषयको कारोबार गर्न इजाजत प्राप्त रजिस्टर्ड फर्म, संघ संस्था वा व्यक्तिहरूलाई तथा कम्पनीहरूलाई उक्त नियमावलीको अनुसूची-२क को ढाँचामा आफूले सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रूपमा उल्लेख गरि देहाय बमोजिमको शर्तहरूको अधीनमा रही धनकुटा नगरपालिका वडा नं. ५, बालमन्दिर, धनकुटामा रहेको यस कार्यालयको प्रशासन शाखामा आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सुची दर्ता गर्नुपर्ने वस्तु तथा सेवाहरू:**

१. स्टेशनरी (मसलन्द) सामान आपूर्ति ।
२. छपाई एवं प्रिन्टिङ कार्य ।
३. अफिस फर्निचर (मेटल फर्निचर आपूर्ति समेत) ।
४. कुरियर सेवा (आन्तरिक र बाह्य) ।
५. कम्प्युटर, प्रिन्टर, ल्यापटप, स्क्यानर, नेटवर्क स्विच, राउटर, फ्याक्स मेसिन, फोटोकपी मेसिन, यु.पि.एस, इन्भर्टर, ब्याट्री आपूर्ति तथा सोको पार्टपुर्जा आपूर्ति तथा मेसिनरी मर्मत सम्भार ।
६. हाजिरी मेशिन (Bio-Metric)
७. विद्युतीकरण, विद्युतीय सामग्री तथा उपकरणहरू आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्य ।
८. गाडी, मोटरसाइकल मर्मतसम्बन्धी कार्य ।
९. भवनको मर्मत तथा सम्भार कार्यहरू ।
१०. Database तथा Software सम्बन्धी कार्य ।
११. पुराना मोटरसाइकलहरू खरिद तथा बिक्री कार्य गर्ने ।
१२. होर्डिङ बोर्ड, साइन बोर्ड, पोस्टर, स्टिकर, डिजाइन तथा विज्ञापन प्रचार सामाग्री आपूर्ति र मर्मत सम्भार कार्य ।
१३. विज्ञापन, प्रचार तथा प्रशारण सेवा सम्बन्धी (पत्र पत्रिका, अनलाइन पत्रिका, टेलिभिजन, रेडियो) ।
१४. प्रिन्टर र फ्याक्सको इन्क, कार्टेज, टोनर सप्लाई तथा रिफिलिङ्ग ।
१५. अन्य विविध सामान आपूर्ति तथा सेवाहरू ।

**पेश गर्नु पर्ने कागजातहरू:**

१. फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. VAT/PAN प्रमाणपत्रको प्रतिलिपि ।
३. वार्षिक रूपमा कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणपत्रको प्रतिलिपि ।
४. आधिकारिक डिलर एवं वितरक भएमा सो पुष्टि गर्ने प्रमाणपत्रको प्रतिलिपि ।

गंगाराम साह

वरिष्ठ ज.व्य.अधिकृत

वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत

**महत्वपूर्ण जानकारी:**

- माथि उल्लेखित वस्तु तथा सेवा सम्बन्धी कार्य पुरा वा आंशिक गराउने वा नगराउने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- सूची दर्ताको लागि आवेदन पेश गर्नु हुने सम्पूर्ण फर्म तथा कम्पनीहरूले सूचीकृत गर्न कम्पनी बाध्य हुने छैन ।
- आपूर्ति गर्नुपर्ने सामान तथा वस्तुहरूको सूची यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।
- यस सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालय समय भित्र फोन नं. ०२६-५२२१२९ मा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।